# अध्याय एक

# शोधपत्रको परिचय

## अध्ययनको पृष्ठभूमि

भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको अभावमा पठनपाठनको कल्पनासम्म गर्न सकिँदैन। पाठ्यक्रमका उद्देश्य अनुरूपपाठ्यपुस्तक तयार गर्नु आवश्यक छ। पाठ्यपुस्तक लेखनमा विशेष ध्यान नदिएमा, बालबालिकाहरूको रुचि र क्षमता अनुसार शब्द तथा शब्दभण्डार छनोट र स्तरण गर्न नसकेमा पाठ्यक्रम जति राम्रो भए पनि तह अनुरूपको उद्देश्य पूरा गर्न सकिँदैन। भाषा पाठ्यपुस्तकमा विविध पक्षहरूलाई समेट्नुका साथै शब्द तथा शब्द भण्डारले भाषाको विकासमा केन्द्रीय भूमिका निर्वाह गर्दछ। कुनै पनि भाषाको शब्द भण्डार जीवनमा सिकिने प्रक्रिया हो। यसको क्षेत्र असीमित हुन्छ।

आफ्नो छुट्टै अर्थ भए पनि कुनै नामिक पदसँग गाँसिई आउने पदहरूलाई नाम योगी भनिन्छ। नामयोगीले अन्य पदसँग आफू गाँसिएको पदको सम्बन्ध स्पष्ट पार्ने काम गर्छ। नामयोगीका छुट्टै अर्थ हुन्छन् तापनि स्वतन्त्र रूपमा वाक्यमा प्रयोग हुँदैनन्। अघि, पछि, वर, पर, बीच, तर्फ, सम्म, मध्ये, कारण आदि नामयोगी हुन् (लामिछाने र अन्य, २०७०:१११)।

काल, स्थान आदि परिवेश र रीति, कारण आदि विशेषता बुझाउने अव्ययको एक प्रकारलाई क्रियायोगी भनिन्छ। क्रियायोगीलाई क्रिया विशेषण पनि भनिन्छ (पौडेल, २०७०:१९८)

वाक्यमा पद वा पद समूह जोड्ने अविकारी वर्गको शब्दलाई संयोजक भनिन्छ। संयोजकलाई योजक पनि भनिन्छ (पौडेल, २०७०:२०१)।

वक्ताको विभिन्न मनोभाव व्यक्त गर्ने अव्ययको एउटा प्रकारलाई विस्मयादिबोधक भनिन्छ। यसलाई अविकारी वर्गभित्र राखिन्छ। यी वाक्यका अग्र र पश्च भागमा आउँछ (पौडेल, २०७०:२००)।

स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयुक्त भई वाक्यको अर्थमा जोड दिने अविधारी वर्गको शब्दलाई निपात भनिन्छ। अव्ययको एक प्रकारको रूपमा रहेको निपात वाक्यभित्रको कुनै पद वा पूरै वाक्यको आश्रित हुन्छ (पौडेल, २०७०:२००)।

नेपाली कसरी शुद्ध लेख्ने भन्ने शृङ्खलामा अव्यय र अव्ययको वर्णविन्यास अत्यन्त महत्त्वपूर्ण र नजानी नहुने विषय हो। अव्ययका बारेमा धेरैलाई असमल पार्ने गरेको छ। अलमल हुने दुईटा कुरा छन्: एक त अव्यय भनेका कस्ता शब्द हुन् र दोस्रो अव्ययको वर्णविन्यास कस्तो हुन्छ ? तिनीहरूलाई यसरी दर्शाउन सकिन्छ (आजको चर्चित लेख रचना, १३ जून २०१७)।

कुनै पनि पुरुष, लिङ्ग, काल र वचनले विकार उत्पन्न गर्न नसक्ने पद वा शब्दलाई अव्यय भनिन्छ। अव्ययभित्र क्रिया विशेषण, विभक्ति, निपात, संयोजक र विस्मयवाचक शब्दहरू पर्दछन्, जस्तैः कि, हिजो, भोलि, पर्सी, सुस्तरी, ढिलो, चाहिँ, कि, नि, माथि आदि अव्यय हुन्। सामान्यतया वाक्य बनाउँदा यिनहरूमा 'हरू' जोड्न मिल्दैन, जस्तैः राम सुस्तरी खान्छ। हामीहरू सुस्तरी बोल्थ्यौ। रीता सुस्तरी हिँड्ली (आजको चर्चित लेख रचना, १३ जून २०१७)।

नेपाली भाषाको शब्द भण्डारमा विभिन्न प्रकारका शब्दहरू अटाइएका पाइन्छन्। नेपाली भाषामा तत्सम, तद्भव, मौलिक र आगुन्तुक शब्दहरू रहेका छन्। पदवर्गका दृष्टिले नाम पदहरूको प्रयोग सबैभन्दा बढी रहेका देखिन्छन् भने नेपाली भाषा शब्द भण्डारमा विशेषण पदहरू दोस्रो स्थानमा रहेको देखिन्छ। त्यसैगरी अव्यय पदहरूले तेस्रो स्थान लिएको देखिन्छ। क्रियापदले नेपाली भाषामा चौथो स्थान ओगटेको देखिन्छ। सर्वनाम पदहरूको प्रयोग नेपाली भाषाको पद वर्गअन्तर्गत अन्य वर्गको आधरामा न्युन देखिन्छ। सर्वनाम पदहरूको प्रयोग नेपाली भाषाको पद वर्गअन्तर्गत अन्य वर्गको आधारमा न्यून देखिन्छ। रूपायनका दृष्टिले हेर्दा क्रियापदहरूको रूपायन बढी भएको देखिख्छ। विभिन्न काल, अर्थ भाव, वाच्य, करण अकरण आदिका दृष्टिले हेर्दा क्रिापदको रूपायन निकै बलियो रहेको पाइन्छ। अव्यय पदहरू प्रकारका दृष्टिले नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात

गरी पाँच प्रकारका रहेका देखिन्छन् । यसरी अव्यय पदहरूतर्फ नेपाली भाषामा जे जस्तो क्रममा रहेका भए पनि यस अध्ययनमा क्रियायोगी पदहरूको प्रयोग बढी रहेको देखिन्छ । त्यसपछि दोस्रो स्थानमा संयोजक पदहरूको प्रयोग रहेको देखिन्छ । नामयोगी पदहरू तेस्रो स्थानमा रहेका छन् भने निपातहरू चौथो स्थानमा रहेका छन् । त्यसैगरी विस्मयादिबोधकको प्रयोग पाँचौं तथा अन्तिम अवस्थामा रहेको पाइन्छ ।

कुनै पनि भाषामा त्यस भाषाको पदवर्ग रहेको हुन्छ । भाषापिच्छे पदहरूको आफ्नै किसिमको वर्गीकरण रहेको पाइन्छ । नेपाली व्याकरणमा पदवर्गभित्र नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय पदहरू रहेका पाइन्छन् । यिनीहरूमा नेपाली भाषामा अव्यय पदहरूको भने आफ्नै किसिमको छुट्टै विशेषता रहेको पाइन्छ । यिनले पदवर्गभित्र निकै ठूलो हिस्सा ओगटेको पाइन्छ । नेपाली भाषामा पदवर्गको अध्ययन निकै कम मात्रामा भएको देखिन्छ । पदवर्गको प्रयोग र वितरण सम्बन्धी अध्ययन एउटा विशेष अध्ययन हो । त्यसमा पनि यो खोज अव्यय पदहरूको मात्र अध्ययनमा सीमित रहने भएकाले यस अध्ययनबाट नेपाली भाषाभित्र अव्यय पदहरूकोप्रयोग तथा वितरणको सम्बन्ध थाहा पाइन्छ ।

प्रस्तुत अध्ययन कक्षा सातको नेपाली पाठ्यपुस्तकभित्र प्रयुक्त अव्यय पदहरू र तिनका प्रकार, तिनको वितरणको स्थिति, तिनको आवृत्ति के कसरी भएको छ ? भन्ने कुराको ज्ञान यसबाट हुनेछ । नेपाल सकारर शिक्षा मन्तालय अन्तरगत पाठ्यक्रम तथा पाठ्यपुस्तक विभागले साझा प्रकाशन मार्फत वि्सं. २०७१ मा प्रकाशित कक्षा सातको नेपाली पाठ्पुस्तकमा अवस्थित २९ वटा पाठहरू रहेका छन् । ती मध्ये कथा र जीवनीमा प्रयुक्त अव्यय पदहरू के, कसरी, कुन संख्यामा रहेका छन् ? भन्ने कुरा पनि थाहा पाइएको छ । नेपाली किताब कक्षा सातले साहित्यका विभिन्न विधाहरूलाई समेटेको छ ।

भाषाको सबैभन्दा सानो अर्थपूर्ण इकाइ ध्वनि, ध्वनिबाट रूप, शब्द र वाक्यमा प्रयोग हुने सार्थक एकाइलाई पद मानिन्छ । यस्ता पदहरूको आ-आफ्नै क्षेत्र रहन्छ जसमा, विकारी र अविकारी, नामिक पद, अपव्यय पद र क्रियापद आदि । नाम,

सर्वनाम, विशेषण र क्रियापदहरू छोडी यस अध्ययनमा अव्यय पदहरूको मात्र चर्चा गरिएको छ। अव्यय पदहरूमा पनि खासगरी नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पदहरूको विभक्ति लागेका शब्द छोडेर) मात्र चर्चा गरिएको छ।

## समस्या कथन

शोधका निम्ति छनोट गरिएका कुनै पनि अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको समस्या हो। अनुसन्धान शीर्षकले सङ्केत गरेको समस्याको सेरोफेरोमा रहेर समाधानका उपायहरूको सङ्केतसहित उक्त समस्याहरूलाई घोषणात्मक र प्रश्नात्मक रूपमा प्रस्तुत गर्नुलाई समस्या कथन भनिन्छ।

प्रस्तुत शोधपत्रको शीर्षक कक्षा सातको नेपाली विषयको विभिन्न विधाहरूमध्ये कथा र जीवनीमा प्रयुक्त अव्यय शब्दहरूको विश्लेषण रहेकाले यो अनुसन्धान कार्यबाट निम्नलिखित समस्यामाथि प्रकाश पारिएको छ। प्रस्तुत शोधपत्र **कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा र जीवनीमा प्रयुक्त अव्यय**को अध्ययन हुनेछ। यसको समस्या कथन निम्नअनुसार छन्:

क) कक्षा सातको नेपाली पाठ्यपुस्तकका कथा र जीवनीमा अध्ययनको प्रयोगको स्थिति कस्तो र कुन प्रकारको रहेको छ ?

ख) अव्यय पदहरूको प्रयोगको सिलसिला कस्तो र कुन प्रकारको छ ?

ग) प्रयुक्त अव्यय पदहरू कुन कुन वर्गमा (नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात)मा पर्दछन् ?

घ कुनकुन विधामा बढी अव्यय पदहरूको प्रयोग गरिएको छ ?

ङ) अव्यय पदहरू कक्षागत रूपमा स्तरीय र उपयुक्त छन् वा छैनन् ?

## अध्ययनको उद्देश्य

शोधको उद्देश्य समस्या कथनमा उठाएका मूलभूत प्रश्नहरूको समाधान हो। विना उद्देश्य शोधकार्य सम्भव छैन। तसर्थ प्रस्तावित शोध निम्न लिखित उद्देश्यमा केन्द्रित रहेको छ।

क) कक्षा सातको नेपाली पाठ्यपुस्तकका कथा र जीवनीमा प्रयुक्त शब्दको पहिचान गर्नु,

ख) उक्त शब्दहरूलाई पाठगत आधारमा वर्गीकरण, वर्णन गर्नु,

ग) अव्यय पदहरू प्रयोगको उपयुक्तता पत्ता लगाउनु,

## अध्ययनको औचित्य र महत्त्व

नेपाली भाषा नेपालको राष्ट्रभाषा,माध्यम वा सम्पर्क भाषा तथा भारत, भुटान र बर्माको केही भागमा मातृभाषाको रूपमा बोलिने भाषा हो। यो भाषा भारोपेली भाषा परिवार समूहमा पर्दछ। यो भाषा नेपाल र भारतको आधिकारिक (सरकारी कामकाजको) भाषा पनि हो। नेपालका करिब आधा जनसंख्याले आफ्नो मातृभाषाको रूपमा यो भाषा बोल्ने गर्दछन्। देवनागरी लिपिमा लेखिने यो भाषामा दुई किसिमका वर्णमाला छन्। स्वरवर्णमा १२ र व्यञ्जनवर्णमा ३६ वटा वर्णहरू रहेका छन्। अक्षरको लेखन र उच्चारण एउटै हुने यो भाषा सिक्न निकै सजिलो भएका कारण यसको लोकप्रियता बढेको हो।

नेपाली भाषा विभिन्न समयमा विभिन्न नामले चिनिन्थ्यो, जस्तैः खस कुरा, पर्वते भाषा तथा गोर्खाली भाषा आदि। यी मध्ये खस कुरा सबैभन्दा पुरानो नाम हो। खस जातिहरूले बोल्ने भाषा भएको हुनाले यसलाई खस भाषा भनिएको हो। यो भाषा पश्चिम नेपालको कर्णाली क्षेत्रमा विकसित भएर पूर्वतर्फ फैलदै गएको हो (नेपाली भाषा, स्वतन्त्र विश्वकोश, नेपाली विकिपिडियाबाट)।

नेपाली भाषाको शब्द भण्डारभित्र अव्यय पदहरू व्यय नहुने (प्रकृति, प्रत्यय तथा समान आदि प्रक्रियाबाट नयाँ पद निर्माण गर्न नसकिने, रूप नचल्ने, विकार नआउने) पद नै अव्यय वा अविकारी पद हुन् । अव्यय पदको महत्त्वलाई यसरी देखाएको छ ।

प्रस्तुत शोधपत्र विद्यार्थीहरूलाई पदवर्गको वितरणबारे थाहा हुनेछ । त्यसैगरी उक्त पाठ्यपुस्तकमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा र जीवनीमा अव्यय पद प्रयोगको अवस्था पत्ता लगाउन सहयोग गर्नुका साथै विद्यार्थीहरूको स्तर बमोजिम अव्यय पदहरू सान्दर्भिक भए नभएको निराकरण गर्ने गर्नेछ। त्यसैगरी पद वर्गका दृष्टिले अव्यय पदहरूको सरलता र जटिलता पहिल्याउन सहयोग गर्नुका साथैका साथै प्रत्येक पाठमा भएका अव्यय पदहरूको खोजी गर्नेछ ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत शोध प्रस्तावलाई विभिन्न सीमाभित्र रहेर अध्ययन गरिएको छ। यसलाई कक्षा सातको अनिवार्य नेपालीको कथा र जीवनी, कोशीय शब्दहरू, शब्दवर्ग आदि अध्ययनको सीमा मानिएको छ। ती सीमाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- प्रस्तुत अध्ययन कक्षा सातको अनिवार्य नेपाली विषयको ६ वटा कथा र ३ वटा जीवनीमा प्रयुक्त अव्ययमा सीमित रहेको छ ।
- प्रस्तुत अध्ययन उक्त पाठ्यपुस्तकका कथाहरूमा रहेको कोशीय शब्द (नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात) मा सीमित रहेको छ ।
- प्रस्तुत अध्ययन शब्दहरूको स्रोत र शब्दवर्गको वर्गीकरण नेपाली बृहत् शब्दकोशको आधारमा गरिएको छ ।
- शब्दहरूको वर्णानुक्रम र वर्गीकरण नेपाली बृहद् शब्दकोशको प्रविष्टिको आधारमा गरिएको छ ।
- प्रस्तुत अध्ययनमा कुनै पनि अभ्यासका खण्डलाई समावेश गरिएको छैन ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ। यसको विवरण निम्नानुसार रहेको छ :

अध्याय एक : परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

अध्याय तीन : अनुसन्धान विधि

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

शोधपत्र जुन उद्देश्यले जुन विषयमा राखिएको छ, त्यसैसँग सम्बन्धित विषयमा त्यसभन्दा अघि भएका अध्ययन, अनुसन्धान, लेख रचना, टिपोट आदि प्राप्त भएसम्मका सामग्री व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको कार्य कारण शृङ्खलायुक्त टिप्पणीमूलक समीक्षा नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई स्पष्ट रूपमा मार्गनिर्देश गर्दछ, साथै शोधार्थीलाई सैद्धान्तिक पृष्ठभूमिको जानकारी हुने, के कस्ता समस्या छन् त्यसको अवगत हुने, पुनारावृत्तिको सम्भावना हट्ने साथै सम्बन्धित विषयमा गहन अध्ययन गरी अनुसन्धान कार्यलाई अघि बढाउन सहयोग पुग्दछ ।

भाषा पाठ्यपुस्तकमा हरेक पाठको अन्तमा नमुना अभ्यास राखिएको हुन्छ । अन्य विषयभन्दा भाषा पृथक विषयक्षेत्र भएकाले सोही अनुरूप नमुना अभ्यासको निर्धारण गरेको हुन्छ । भाषा पाठ्यपुस्तकका नमुना अभ्यास सम्बन्धी अभ्ययन त्यति धेरै भएको छैन । प्रस्तावित शोधपत्रको शीर्षकसँग सम्बन्धित यस अघिका अध्ययन, अनुसन्धानहरूको समीक्षा प्रस्तुत गरिएको छ ।

श्रेष्ठ (२०६७) द्वारा *सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको तुलनात्मक अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधपत्र तयार भएको देखिन्छ । सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमता मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित रहेर अध्ययन गरेको देखिन्छ । संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको शब्द भण्डार क्षमताको पहिचान गर्नु, छात्र र छात्राको शब्द भण्डार क्षमताको तुलना गर्नु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको शब्द भण्डार क्षमताको तुलना गर्नु जस्ता उद्देश्य राखी शोधपत्र तयार

गरिएको देखिन्छ। संस्थागत भन्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार सबल रहेको,छात्र भन्दा छात्राको शब्द भण्डार क्षमता राम्रो रहेको र विमातृभाषी भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्द भण्डार क्षमता उच्च रहेको जस्ता निष्कर्ष उक्त शोधमा प्रस्तुत गरिएको छ।

भुसाल (२०६९) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीको शब्द भण्डार क्षमताको अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधपत्र तयार भएको देखिन्छ। क्षेत्रीय अध्ययन विधिमा आधारित भई काठमाडौं जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको पहिचान गर्नु, लिङ्ग र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्द भण्डार क्षमताको तुलना गर्नु, विद्यार्थीहरूको शब्द भण्डार क्षमता वृद्धि गर्ने उपाय पत्ता लगाउनु जस्ता उद्देश्य राखी शोधपत्र तयार गरिएको छ। सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयका कक्षा छमा अध्ययनरत छात्राहरूको शब्द भण्डार क्षमता सबल रहेको, नेपाली मातृभाषी विद्यार्थीहरूको शब्द भण्डार क्षमता उच्च रहेको, पहिचानात्मक क्षमता राम्रो रहेको जस्ता निष्कर्ष उक्त शोधमा प्रस्तुत गरिएको देखिन्छ।

पौडेल (२०६९) द्वारा *छमा अध्ययनरत विद्यार्थीहरूको नेपाली शब्द भण्डार क्षमताको अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधपत्र तयार भएको देखिन्छ। मूलतः क्षेत्रीय विधिमा आधारित रही काभ्रेपलाञ्चोक जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली शब्द भण्डार क्षमताको तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्द भण्डार क्षमताको तुलना गर्नु, लिङ्गगत आधारमा शब्द भण्डार क्षमताको तुलना गर्नु, पहिलो भाषी नेपाली र दोस्रो भाषा नेपाली हुने विदयार्थीहरूको शब्द भण्डार क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरू पाइन्छन्। लिङ्गगत आधारमा शब्द भण्डार क्षमताको मापन गर्दा छात्रको शब्द भण्डार क्षमता राम्रो रहेको, सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्द भण्डार क्षमता उच्च रहेको, लिङ्गगत

आधारमा हेर्दा छात्राहरूको पहिचानात्मक शब्द भण्डार क्षमता सन्तोषजनक देखिएको जस्ता निष्कर्षहरू उक्त शोधमा प्रस्तुत गरिएको छ ।

श्रेष्ठ (२०६९) द्वारा *महोत्तरी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको तुलनात्मक अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोध तयार भएको देखिन्छ । मूलतः क्षेत्रीय विधिमा आधारित भई महोत्तरी जिलामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको पहिचान गर्नु, छात्रा छात्रको शब्द भण्डार क्षमताको तुलनात्मक पहिचान गर्नु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूका बिच शब्द भण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखेर उक्त शोध तयार गरिएको देखिन्छ । लिङ्गगत दृष्टिले हेर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्द भण्डार क्षमता कमजोर रहेको र सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्द भण्डार क्षमता सन्तोषजनक रहेको, नेपाली मातृभाषीको तुलनामा दास्रो भाषाका रूपमा नेपाली हुने विद्यार्थीहरूको शब्द भण्डार क्षमता कमजोर रहेको जस्ता निष्कर्षहरू उक्त शोधमा प्रस्तुत गरिएको छ ।

फुयाँल (२०७१) द्वारा *काठमाडौं जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको तुलनात्मक अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोध तयार भएको देखिन्छ । मूलतः परिमाणात्मक विधिमा आधारित भई काठमाडौं जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्द भण्डार क्षमताको पहिचान गर्नु, छात्रा छात्रको शब्द भण्डार क्षमताको तुलनात्मक पहिचान गर्नु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूका बिच शब्द भण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखेर उक्त शोध तयार गरिएको देखिन्छ । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्द भण्डार क्षमता कमजोर रहेको र सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्द भण्डार क्षमता सन्तोषजनक रहेको, नेपाली मातृभाषीको तुलनामा विमातृभाषी विद्यार्थीहरूको शब्द भण्डार क्षमता कमजोर रहेको जस्ता निष्कर्षहरू उक्त शोधमा प्रस्तुत गरिएको छ ।

खनाल (२०७१) द्वारा *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अव्ययको अध्ययन* शीर्षकको शोधपत्रमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा सङ्कलित विभिन्न विधाका पाठहरूमा प्रयुक्त पदहरू मध्ये अव्यय पदहरूलाई मात्र संख्या र आवृत्तिका आधारमा छुट्याएर वितरण समेत प्रस्तुत गरिएको छ। जसमा पहिलो स्थानमा क्रियायोगी पद २३९८ रहेको, दोस्रो स्थानमा संयोजक १०१४ रहेको, तेस्रो स्थानमा नामयोगी ५४६ रहेको, चौथो स्थानमा निपात ४०६ रहेको र पाँचौं स्थानमा विस्मयादिबोध पदहरू ४९ रहेको कुरा उल्लेख गरेका छन्। उक्त शोधपत्रमा वर्गाकारका दृष्टिले ९ वटा वर्गमा विभाजन गरिने भए पनि अध्यनमा विभक्ति चिह्न लागेका पदहरू पनि छोडेर नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी पाँचवटा वर्गको मात्र अध्ययन विश्लेषण गरिएको कुरा निष्कर्षमा निकालिएको छ।

## पूर्वकार्यको अध्ययनको उपादेयता

कुनै पनि शोध अनुसन्धान गर्नुभन्दा अगाडि सम्बन्धित विषयमा पहिले आएका अनुसन्धानहरूको सिंहावलोकन गर्नु आवश्यक हुन्छ। यस्ता कार्य गर्नाले अनुसन्धान कर्तालाई मार्गनिर्देशन गर्नुका साथै विषय क्षेत्र निर्धारण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, प्राक्कल्पना निर्धारण गर्न, पुनारावृत्तिका सम्भावना कम गर्न, सम्भावित त्रुटिहरूबाट जोगिन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधका आवश्यकता बोध गराउन सहयोग पुर्‍याउँछ। यिनै कारणहरूले गर्दा अध्ययनमा पूर्वकार्यको उपयोग महत्त्वपूर्ण ठानिएको छ।

## सैद्धान्तिक अवधारणा

### शब्द भण्डारको परिचय

भाषा भनेको वर्ण रूप शब्द, पदावली, उपवाक्य र वाक्यहरूको एकीकृत रूप हो। यही एकीकृत रूपले कुनै सिङ्गो सङ्कथनको रूप धारणा गरेको हुन्छ र कुनै खास अभिव्यक्ति दिएरसम्प्रेषण गरेको हुन्छ। भाषाको आधारभूत अर्थयुक्त एकाई रूप हो। रूपरूप मिलेर शब्दको निर्माणभएको हुन्छ (शर्मा र पौडेल, २०६८ : १९७)।

तसर्थ एक वा एकभन्दा बढी अक्षरहरूले बनेको रूपभन्दामाथिल्लो र पदावली भन्दा तल्लो स्वतन्त्र अर्थयुक्त सार्थक भाषिक एकाई नै शब्द हो। शब्द भाषाको स्वतन्त्र एकाई हो। कुनै पनि भाषामा भएका त्यही शब्दहरूको समष्टि नै शब्द भण्डार हो। कुनैं पनिभाषा भन्नासाथ त्यहाँ शब्दहरू नै अगाडि आउँछन्। शब्दहरू बिना भाषिक व्यवहार असम्भव हुन्छ। भाषिक व्यवहारका क्रममा व्यक्तिले जति पनि शब्दहरू प्रयोग गर्छन् ती सबै शब्दहरू उक्त भाषाका शब्द भण्डार हुन्। शब्द बिना त्यसभन्दा माथिल्लो भाषिक एकाईहरू नबन्ने भएकाले शब्दहरूलाई भाषाको आत्मा मान्न सकिन्छ। शब्द भण्डारले कुनैपनि व्यक्तिमा निहित शब्द क्षमतालाईं जनाउँछ। भाषा र शब्द भन्नाले नङ र मासुजस्तै एक अर्कासँग सम्बन्धित हुन्छन्। भाषा बिना शब्दको कुनै अर्थ हुँदैन र कल्पना गर्न पनि सकिँदैन।

मानिसले जति धेरै शब्दहरू जान्दछन् उनीहरू भाषामा त्यति नै पोख्त हुँदै जान्छन्। मानिसमा जति पनि ज्ञान र अनुभव बढ्दै जान्छ त्यति नै उसको शब्द भण्डार पनि गहन हुँदै जान्छर अझ नयाँ नयाँ शब्दहरूको आवश्यकता पर्दै जान्छ। भाषाका शब्दहरू यति धेरै हुन्छन् कि जस्तैमै हुँ भन्ने विद्वानले पनि आफ्ना भाषाका सम्पूर्ण शब्दहरू जानेका हुँदैनन् (शर्मा र पौडेल, २०६८ : १९८)। शब्द भण्डार यस्तो पूर्वावश्यक सर्त हो जसको धेरैभन्दा धेरै जानकारी भाषा सिकाइका लागि हुन्छ। शब्द भण्डारको क्षेत्र अत्यन्त व्यापक र फराकिलो छ। अतः कुनै भाषामा पाइने, प्रयुक्त हुनेयावत शब्दहरूको समूहलाई शब्द भण्डार भनिन्छ। कुनै पनि भाषाका वक्ताहरूले प्रयोग गर्ने सार्थक र निरर्थक जुनसुकै शब्दहरू जतिपनि ती शब्दहरू नै त्यस भाषाका शब्द भण्डार हुन्। शब्द भण्डारलाई कुनै पनि भाषाका शब्दहरूको समग्र रूपसमष्टि समूह वा शब्द ढुकुटीका रूपमा चिनिन्छ।

## शब्द भण्डारको सैद्धान्तिक अवधारणा

यस परिच्छेदमा शब्द भण्डारको सैद्धान्तिक अवधारणा शीर्षक अन्तर्गत शब्द भण्डारको परिचय, नेपाली भाषा, नेपाली भाषाको शब्द भण्डार, शब्द भण्डारको स्रोत, शब्द भण्डारको वर्गीकरण महत्त्व, भाषा पाठ्यपुस्तकमा शब्द भण्डारको स्थान र छनोट

तथा स्तरका दृष्टिले शब्द भण्डारको विश्लेषण आदि जस्ता उपशीर्षकहरूको चर्चा गरिएको छ ।

## नेपाली भाषाको शब्द भण्डार

शब्द भाषाको स्वतन्त्र एकाइ हो । शब्द बिना भाषाको कुनै अर्थ सम्भव हुँदैन । भाषामा अन्तर्निहित यही शब्दहरूको समष्टिगत रूप नै शब्द भण्डार हो । शब्द भण्डार प्रत्येक भाषामा रहन्छ ।त्यसैले नेपाली भाषामा पनि प्रयोग हुने शब्दहरूको समूह वा शब्द ढुकुटीलाई नेपाली भाषाको शब्द भण्डार भनिन्छ । यही शब्दहरूको प्रयोगद्वारा नेपालीहरूले आफ्नो भाषिक व्यवहार चलाउने गर्दछन् ।

नेपाली भाषाको शब्द भण्डारभित्र नेपाली भाषाको आफ्नै मौलिक शब्दहरूका साथै अन्य भाषाबाट आएका शब्दहरू पनि पर्दछन् । यी शब्दहरू नेपाली भाषाका शब्दकोशहरूमा पनि सङ्कलित छन् । यिनै शब्दकोशमा संग्रहित वास्तविक शब्दहरूलाई र नेपाली शब्दकोशमा पर्ने छुटे पनि नेपाली जनजिब्रोमा प्रचलित शब्दहरू सहितको समष्टिलाई नेपाली भाषाको शब्द भण्डार भनिन्छ । वास्तवमा नेपाली भाषामा आजसम्म समेटिएका र प्रयोग भएका शब्दहरूको समष्टि भण्डार नै नेपाली शब्द भण्डार हो ।

परिर्वतनशील समाजसँगै भाषाको पनि परिवर्तन हुनु आवश्यक छ । परिवर्तित समाज अनुकुल भाषा परिवर्तन नभएमा उक्त भाषाका वक्ताहरू अन्य भाषातर्फ आकर्षित हुन थाल्छन् र उक्त भाषा लोप भई भाषिक मृत्यु हुने सम्भावना हुन्छ । जुन भाषाले धेरै स्रोतबाट शब्द सापटी लिएको हुन्छ त्यही भाषा चाहिं शक्तिशाली हुन्छ र त्यही भाषामा भाषिक सङ्कट पनि पर्दैन । समयसँगै नयाँ नयाँ शब्दहरूलाई भाषामा समावेश गराउँदै जानु पर्दछ । विज्ञान र प्रविधिको विकाससँगै नेपाली भाषाको शब्दभणडार पनि निकै सम्पन्न भइसकेको पाइन्छ ।

समयसँगै नेपालीहरूको अन्य भाषाका व्यक्तिहरूसँग सम्पर्क बढ्दै जाँदा नेपाली भाषाका शब्द भण्डारमा अन्य स्रोतबाट शब्दहरू थपिँदै आएको पाइन्छ । आजको

बदलिँदो परिस्थिति, विश्वव्यापीकरण र अन्तर्राष्ट्रिय सम्बन्धका साथै सूचना र प्रविधिको तीव्रतर विकासले गर्दा पनि नेपाली भाषाका शब्द भण्डारमा प्रशस्त नयाँ शब्दहरू भित्रिएका छन्। यस्तो प्रक्रिया नेपाली भाषामा मात्र नभएर सबै जीवन्त भाषामा विद्यमान रहेको पाइन्छ।

संसारमा बोलचालमा रहेका सबै भाषाका शब्द भण्डार यसरी नै सुसम्पन्न हुँदै आएको देखिन्छ। जुन भाषाले अन्य भाषाको शब्दहरूलाई आफ्नो भाषिक व्यवस्थापनभित्र सुहाउँदो र मिल्दो किसिमले समाहित गर्न सक्दैन, त्यो भाषा शब्द भण्डारका दृष्टिले सम्वृद्ध बन्न सक्दैन। त्यसैले हरेक भाषाले अन्य भाषाबाट शब्द सापटी लिएर आफ्नो अभिव्यक्ति क्षमतालाई विस्तारित तुल्याएको पाइन्छ। नेपाली भाषामा पनि स्वदेशी र विदेशी स्रोतबाट प्रशस्तै शब्दहरू आएका छन् जसले गर्दा नेपाली भाषाको शब्द भण्डार सम्वृद्ध बन्न पुगेको छ।

नेपाली भाषाको जन्म संस्कृत भाषाबाट भएकाले संस्कृत भाषाकै अनगिन्ती शब्दहरू लिएर नेपाली भाषा सम्वृद्ध बनाइएको छ। संस्कृत बाहेक अन्य भाषाबाट आएका शब्दले पनि नेपाली भाषाको शब्द भण्डार सुसम्पन्न भएको छ। विज्ञान र प्रविधि, शिक्षा र सञ्चारको विकाससँगै नेपाली शब्द भण्डारमा पनि वृद्धि भएको कुरा हालको नेपाली भाषाको शब्द भण्डारको अध्ययनबाट थाहा पाउन सकिन्छ। यसरी आफ्नै मौलिक शब्दहरूद्वारा वा अन्य स्रोतबाट लिएरै भए पनि नेपाली भाषाका शब्दहरू दिनानुदिन बढ्दो क्रममा छन् र नेपाली भाषाका ती सबै शब्दहरूको समूह, समष्टि वा ढुकुटी नै नेपाली भाषाको शब्द भण्डार हो।

## शब्द भण्डारको वर्गीकरण

शब्द भण्डारमा रहेका सम्पूर्ण शब्दहरूलाई विभिन्न वर्गमा छुट्याउनुलाई शब्दको वर्गीकरण भनिन्छ। शब्दहरूको वर्गीकरणले शब्द भण्डार र शब्द प्रयोगलाई व्यवस्थित बनाउँछ। शब्द स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो अर्थपूर्ण एकाई हो। शब्द व्याकरण व्यवस्थाको केन्द्रीय एकाई पनि भएकाले यसलेरूपदेखि वाक्यसम्मलाई व्यवस्थित गर्ने काम गर्दछ। नेपाली भाषाको शब्द भण्डार भन्नाले

नेपाली भाषामा भएका सम्पूर्ण शब्दहरूको भण्डार भन्ने बुझिन्छ । शब्द भण्डारलाई शब्दकोशभित्र सङ्ग्रहित गरिएको हुन्छ ।

नेपाली भाषामा प्रयोग गरिने शब्दहरूका विभिन्न आधारहरू रहेका छन् । शब्द वर्गीकरण गर्ने क्रममा भाषाशास्त्री तथा विद्वानहरू बीचमा मतैक्यता भने पाइँदैन तर पनि शब्द निर्माण प्रक्रिया, शब्दको स्रोत र तिनले गर्ने कार्य वा कोशीय अर्थका अतिरिक्त व्याकरणिक अर्थ समेत विचार गरी शब्दको वर्गीकरण गरिन्छ । विद्वानहरूले शब्दको वर्गीकरणका सम्बन्धमा अघि सारेका आधारहरूनिम्नानुसार छन् :

हेमाङ्गराज अधिकारीले शब्द वर्गीकरणका पाँच आधारहरू उल्लेख गरेको पाइन्छ :

**(क) परम्परागत व्याकरणका आधारमा**

परम्परागत व्याकरणमा शब्दहरूलाई नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, संयोजक, विस्मयाधिबोधक र निपात गरी सामान्यतः आठ वर्गमा विभाजन गरिएको छ ।

**(ख) रूपात्मक आधारमा**

रूपात्मक आधारमा शब्दलाई अविकारी (रूप परिर्वतन नहुने) र विकारी (रूप परिवर्तन हुने) गरी दुई वर्गमा विभाजन गरिएको छ ।

**(ग) कार्यगत आधारमा**

कार्यगत आधारमा शब्दहरूलाई नाम वर्ग, क्रिया वर्ग र अव्यय वर्ग गरी तीन वर्गमा विभाजन गरिएको छ ।

**(घ) कोशीय आधारमा**

कोशीय आधारमा शब्दहरूलाई नाम, विशेषण, क्रिया, क्रियायोगी गरी चार वर्गमा विभाजन गरिएको छ ।

**(ङ) संरचनागत आधारमा**

शब्द वर्गीकरणका निम्न पाँच आधारहरू रहेका छन् । ती हुन् स्रोत, व्युत्पत्ति, रचना, कार्य र अर्थ (शर्मा, २०६१ : ५६) । उनले स्रोतका आधारमा शब्दलाई मौलिक आगन्तुक गरी २ वर्गमा विभाजन गरेका छन् । रचनाका आधारमा व्युत्पन्न र मूल वा अव्युत्पन्न गरी शब्दका २ वर्ग देखाएका छन् । कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया विशषेण, नामयोगी, संयोजक, विस्मयवाचक र निपात गरी नेपाली भाषाका शब्दहरूलाई ९ वर्गमा विभाजन गरेका छन् ।

चूडामणि बन्धुले भाषिक व्याख्याका लागि कोशीय र कार्यमूलक शब्दका बीचको विभेद छुट्याउने क्रममा आफ्नो वर्गीकरणलाई यस्तो आरेखमा प्रस्तुत गरेका छन् :




(भण्डारी, २०६० : ४९)

पारसमणि भण्डारीले विद्यावारिधि तहको आफ्नो शोधपत्रमा नेपाली भाषाको शब्द भण्डारलाई स्रोतगत, पदवर्ग, कोशीय प्रविष्टि र संरचनागत वा बनोट गरी ४ आधारमा वर्गीकरण गरेका छन् (भण्डारी, २०६० : ७०)। स्रोतगत दृष्टिले तत्सम, तद्भव र आगन्तुक गरी ३ वर्गमा विभाजन गरेका छन्। पदवर्गका दृष्टिले नाम, सर्वनाम, विशेषण, क्रिया, क्रिया विशेषण, संयोजक, नामयोगी, विस्मयादिबोधक र निपात पर्दछन्। त्यसैगरी शैक्षणिक दृष्टिकोणबाट पनि सक्रिय, निष्क्रिय, आधारभूत, श्रव्य, पाठ्य, कथ्य र लेखन जस्ता विभिन्न प्रकारका शब्द भण्डारको वर्गीकरण गर्न सकिने कुरा उल्लेख गरेका छन्।

**अव्यय शब्दको परिचय र महत्त्व**

लिङ्ग, वचन र पुरुष आदि जस्ता व्याकरणात्मक एकाइका आधारमा नबदलिने अर्थात् सधैँ एकैनास रहेन शब्दलाई अवयय भनिन्छ, जस्तैः अगाडि, पछाडि, अनुसार, बमोजिम, चटक्क, धन्यवाद आदि । नेपाली व्याकरणमा अव्यय पाँच प्रकारका रहेको पाइन्छः

**क) नामयोगी**

नाम, सर्वनाम र विशेषण वा नामिक पदसँग जोडिने बद्ध अव्यय पदलाई नामयोगी भनिन्छः जस्तैः सँगै, बिना, नेर, तिर आदि ।

**ख) क्रियायोगी**

क्रियापदसँग सम्बन्धित भई क्रियाको विशेषता बुझाउने अव्यय पदलाई क्रियायोगी भनिन्छः जस्तैः आज, भोलि, पर्सि, बिहान, अहिले, अस्ति, त्यहाँ, अगाडि, पूर्वपट्टि, अत्यन्त, अलिकति, बहुत, ज्यादै, राम्ररी, मस्तसँग, आदन्दले, फटाफट, सुटुक्क, प्वाक्क आदि ।

**ग) संयोजक**

शब्द, उपवाक्य र वाक्यलाई जोड्न प्रयोग हुने शब्दलाई संयोजक भनिन्छ । नेपाली व्याकरणमा सापेक्ष र निरपेक्ष गरी दुई किसिमका संयोजकहरूको प्रयोग भएको पाइन्छ ।

**घ) विस्मयादिबोधक**

प्रायः वाक्यको अगाडि आई मानव मनका विभिन्न किसिमका मनोभाव (हर्ष, विस्मात, आश्चर्य, घृणा आदि) जनाउने शब्दहरूलाई विस्मयादिबोधक शब्द भनिन्छ, जस्तैः ओहो, आम्मै, आहा, आत्था, धिक्कार, ए, स्यावास, ऐया आदि ।

**ङ) निपात**

आफ्नै स्वतन्त्र अर्थ नभएका वाक्यको सुरु, मध्य वा अन्त्य कुनै पनि ठाउँमा आएर वाक्यलाई आकर्षक र मिठासपूर्ण बनाउने अब्यय पदलाई निपात भनिन्छ । वाक्यबाट निपातलाई झिकिदिँदा पनि वाक्यको अर्थमा कुनै पनि असर पर्दैन, जस्तैः छोराले त पैसा झिक्योस भोलि मेरो घर आउन लस कृष्णले त हो नि हामिलाई दुःख दिएकोस होइन क्यारे, त्यस्तो पनि हुन्छस् मा क्रमशः त, ल, त हो नि, क्यारे निपात हुन् ।

भाषाको आधारभूत अर्थयुक्त भाषिक एकाईरूप हो र त्यस रूपले एक्लैले अथवा अन्य रूपसित मिलेर शब्दको निर्माण गरेको हुन्छ। अव्यय भाषाको लघुतम एकाई र केन्द्रीय तत्त्व हो भने अव्ययको समूह शब्द भण्डार हो। व्याकरणिक दृष्टिले शब्दरूपभन्दा ठूलो र पदावलीभन्दा सानो अर्थयुक्त र सम्प्रेषणयुक्त र सन्दर्भयुक्त बनाउन आधारभूत भूमिका खेल्ने हुनाले शब्दलाई भाषाको प्राणत्व मानिन्छ। शब्द भण्डारले भाषाको विकासमा केन्द्रीय भूमिका खेल्दछ। कुनै पनि भाषाको शब्द भण्डार जीवनभर सिकिने निरन्तर प्रक्रिया हो । शब्द भण्डार असीमित हुन्छ, व्यक्तिको ज्ञान र अनुभवको वृद्धिसँगै जति धेरै शब्द जान्यो व्यक्ति भाषामा त्यति नै पोख्त बन्दै जान्छ । विभिन्न कुराहरूको ज्ञान भएर पनि व्यक्तिमा शब्द भण्डारको कमी छ भने उसले सहज

सम्प्रेष्य र रोचक अभिव्यक्त दिन सक्दैन तर व्यक्ति शब्द भण्डार क्षमतामा सबल र सक्षम छ भने उसमा विषयवस्तुको ज्ञान कमै भए पनि शब्द भण्डारलाई खेलाएर नै अभिव्यक्तिमा सहजता र सचेतता प्रदान गर्न सक्दछ। त्यसैले भाषामा शब्द भण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ।

कुनै पनि भाषाको सक्रिय र निष्क्रिय शब्दहरूको समष्टि नै शब्द भण्डार हो। भाषामा कुनै शब्द सक्रिय र निष्क्रिय हुन्छन्। कतिपय शब्दले कोशीय कतिले लाक्षणिक र कतिले व्यन्जनात्मक अर्थ दिन्छन्। भाषाका यी सम्पूर्ण शब्दहरूसँग परिचित भएर भाषामा सक्षम र पोख्त हुनका लागि शब्द भण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ।

भाषालाई बोध र अभिव्यक्तिका दृष्टिले अर्थपूर्ण, आशयपूर्ण र प्रभावकारी बनाउन सोही अनुरूप शब्दको उपयोग गर्ने सीप हासिल गराउन शब्दभडार क्षमताको वृद्धि गर्नु आवश्यक छ (शर्मा तथा पौडेल, २०६७ : १९)। शब्द भण्डार बिना मानवीय व्यवहार सम्पन्न गर्न सकिँदैन। ज्ञान आर्जनको प्रमुख माध्यम पनि शब्द नै हो। संसारका जुनसुकै कुनामा घटेका घटनाहरू पनि क्षणभरमा नै सञ्चार गर्ने माध्यम पनि शब्द भण्डार नै हो। व्यक्तिमा जति धेरै शब्द भण्डार हुन्छ त्यति नै उसले गहन विचारहरूव्यक्त गर्न सक्छ।

कुनै पनि भाषालाई सम्वृद्ध र स्तरीय बनाउन शब्द भण्डारको महत्त्वपूर्ण स्थान हुन्छ। जुन भाषाको सबैभन्दा धेरै शब्द भण्डार हुन्छ त्यही भाषा नै अरू भाषाहरूभन्दा सम्वृद्ध मानिन्छ। शब्द भण्डारकै आपसी संयोजन र सङ्गतिबाट भाषा तयार हुन्छ र त्यही भाषाका माध्यमद्वारा बालबालिकाहरूलाई नवीनतम ज्ञान दिएर शिक्षित तुल्याइन्छ।

विश्वमा दिनहुँ भएका ज्ञानका विस्फोटलाई एक कुनाबाट अर्को कुनामा मिनेटभरमै सञ्चार गराउने प्रमुख एक मात्र सशक्त र प्रभावकारी माध्यम भाषा हो। भाषाको संरचना शब्द भण्डारको आडमा हुन्छ। त्यसैले भाषालाई सम्वृद्ध, सबल र सम्पन्न बनाउने श्रेय शब्द भण्डारलाई नै जान्छ।

निष्कर्षमा भाषाको आधारभूत आवश्यकता पूरा गर्न, भाषामा पोख्त हुन, अभिव्यक्तिकला विकास गर्न, अभिव्यक्तिलाई रोचक, प्रभावकारी, सम्प्रेष्य र स्तरीय बनाउन, सबै प्रकारका शब्दहरूसँग परिचित हुन, बोध र अभिव्यक्तिका दृष्टिले भाषालाई रोचक, प्रभावकारी र आशयपूर्ण बनाउन शब्दहरूको महत्त्वपूर्ण स्थान हुन्छ ।

शब्द भण्डारको प्रयोगबाट सम्पूर्ण मानवीय व्यवहारहरू सञ्चालन हुने भएकाले मानवीय जीवनमा शब्द भण्डारको महत्त्वपूर्ण स्थान छ । भाषाका सम्पूर्ण वक्ताहरूको लागि महत्त्वपूर्ण साधनको रूपमा यसलाई लिन सकिन्छ । अतः शब्द भण्डारको महत्त्वपूर्ण भूमिका र स्थान हुन्छ ।

# अध्याय तिन

# अनुसन्धान विधि

## अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानलाई व्यवस्थित, वैज्ञानिक, शुद्ध तथा यथार्थपरक बनाउन खास खास विधि वा पद्धतिलाई अवलम्बन गरिएको छ। राखिएका अनुसन्धानका उद्देश्यहरू प्राप्त गर्नका लागि सामग्रीको सङ्कलन, सामग्रीको सत्यापन, सामग्रीको वर्गीकरण, सामग्रीको व्याख्या र विश्लेषण गर्न अनुसन्धानका ढाँचाहरू ऐतिहासिक, वर्णनात्मक, क्षेत्रीय अध्ययन, पुस्तकालयीय तथा परिमाणात्मक र गुणात्मक ढाँचा पर्दछन्। प्रस्तुत अध्ययनमा परिमाणात्मक ढाँचाको प्रयोग गरी शोधको अध्ययन तथा विश्लेषण गरिएको छ।

## तथ्याङ्क सङ्कलन र विश्लेषणात्मक विधि

पूर्ण रूपबाट पुस्तकालयमा आधारित भएर गरिने अनुसन्धान पुस्तकालयीय अनुसन्धान हो। पुस्तक, विभिन्न लेख, रचना, पत्रपत्रिका, अभिलेख, ऐतिहासिक अभिलेख आदिको सदुपयोग गर्ने र त्यही माथि निर्भर रहेर गरिएको अनुसन्धान पुस्तकालयीय अनुसन्धान हो। पुस्तकालयबाट प्राप्त तथ्याङ्कका आधारमा नयाँ चिन्तन र फरक व्याख्या गर्न सकिन्छ भन्ने स्थापित सिद्धान्तका आधारमा साहित्यिक कृतिहरूको वस्तुतथ्यको सत्यापन गर्न सकिन्छ। त्यस्तो अनुसन्धान कला, भाषा, साहित्य, संस्कृति जस्ता विषय क्षेत्रमा बढी उपयोगी मानिन्छ। अतः यहाँ सम्पन्न गर्न लागिएको अनुसन्धान कार्य भाषासँग सम्बन्धित भएकोले पुस्तकालयीय विधिलाई नै आधार बनाइ यो अनुसन्धान कार्य सम्पन्न गरिएको छ।

## तथ्याङ्क सङ्कलनका स्रोत

तथ्याङ्क सङ्कलनका प्राथमिक र द्वितीय स्रोतहरू रहेका छन् :

**प्राथमिक स्रोत**

यस अन्तर्गत सामग्री सङ्कलन गर्न कक्षा नौ नेपाली पाठ्यपुस्तक (२०७३) को कथा र जीवनी विधामा रही यो शोध तयार पारिएको छ ।

**द्वितीय स्रोत**

यस अध्ययनका क्रममा प्राथमिक स्रोतका सामग्रीहरूबाट अपुग भएकाले द्वितीय स्रोतका सामग्रीहरू पनि प्रयोग गरिने छ । यसमा बृहत् नेपाली शब्दकोश नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, बृहत् नेपाली शब्दकोश (नरेन्द्र चापागाईं), प्रयोगात्मक नेपाली शब्दकोश, जानकारीमूलक पाठ्यपुस्तकहरू, यसभन्दा अघिल्ला वर्षहरूमा भएका अध्ययन अनुसन्धानहरू, प्रकाशित र अप्रकाशित शोध प्रतिवेदनहरू, पत्रपत्रिका, सन्दर्भ पुस्तक विभिन्न वेवसाइडहरूको अध्ययन अनुसन्धान गरी निष्कर्ष निकालिएको छ ।

## तथ्याङ्क सङ्कलनका साधनहरू

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क जुटाउनका लागि प्रयोग गरिने सङ्कलनका साधनका रूपमा शब्दपत्ती, शब्दसूची, शब्द सङ्कलन तथा वर्गीकरण गरिएको छ । साथै आवश्यकता हेरी छलफल तथा विषय विशेषज्ञहरूको सल्लाहलाई लिइएको छ ।

## तथ्याङ्क सङ्कलन विधि

सामान्यतया शब्द भण्डार सम्बन्धी अध्ययनमा पुस्तकालयीय विधिकै प्रयोग गरिएको छ । यहाँ कक्षा सातको नेपालीको छवटा कथा र जीवनीमा प्रयुक्त शब्द भण्डार अन्तर्गत अव्यय शब्दहरूको अध्ययन गर्नुपर्ने भएकाले कक्षा सातको नेपालीमा समावेश भएका छवटा कथा र जीवनीमा रहेका मूल्य पाठका अव्यय शब्दहरूलाई स्रोतका आधारमा छुट्याइएको छ । छुट्याइएका अव्यय शब्दहरूमध्ये नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात अन्तरगत वर्गीकरण गरिएको छ ।

## तथ्याङ्क विश्लेषण विधि

प्रस्तुत शोधात्मक विषयवस्तु वा सामग्रीहरूको सङ्कलन गरी तयार गरिसकेपछि तिनीहरूलाई पुस्तकालयीय विधि अन्तर्गत तालिकीकरण विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधि अपनाउँदै प्रस्तुतिकरण गरिएको छ ।

## अनुसन्धान प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्त्वपूर्ण पक्ष हो । विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्रीहरू सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पाठ्यपुस्तकहरू, शीर्षकसँग सम्बन्धित शोधपत्रहरू, भाषा शिक्षण सम्बन्धी पुस्तकहरू, लेखरचना, टिपोट, प्रतिवेदनहरू साथै प्रकाशित र अप्रकाशित शोधपत्रबाट सामग्रीहरू सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गरिसकेपछि पुस्तकालयीय विधिलाई आधार बनाएर विश्लेषण गरिएको छ । आवश्यकता अनुसार तालिकीकरण समेत गरिएको छ । प्रस्तुत शोधपत्र निर्माण गर्दा कक्षा सातको नेपालीमा समावेश गरिएका कथा र जीवनीमा प्रयुक्त अव्ययको अध्ययन, विश्लेषण गरिएको छ ।

# अध्याय चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

नेपाल सरकार शिक्षा मन्त्रालय अन्तरगत पाठ्यक्रम तथा पाठ्यपुस्तक विभागले साझा प्रकाशन मार्फत वि.सं. २०७१ मा प्रकाशित कक्षा सातको नेपाली पाठ्यपुस्तकमा अवस्थित २१ वटा पाठहरू रहेका छन्। ती मध्ये कथा र जीवनीमा प्रयुक्त अव्यय पदहरू अध्ययन गरिएको छ।

प्रस्तुत शोधपत्र कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा र जीवनीमा अव्यय पद प्रयोग शीर्षक अन्तर्गत ६ वटा कथा र ३ वटा जीवनीहरूको अध्ययन गरिएको छ। जसमा कथा विधाअन्तर्गत मामालाई सुधार्ने भाञ्जो, सातदिने सभा, सुन उगेल्ने भाले, बोधितत्वको कथा, रिस र साक्षस, बाक्लो दाल हुन्। त्यसैगरी जीवनी विधा अन्तर्गत साहित्यकार झमक, अलेक्जेन्डर फ्लेमिङ र आबाल ब्रह्मचारी षडानन्दको जीवनी रहेको छ।

### 'मामालाई सुधार्ने भाञ्जो' कथा

कथाकार कृष्णराज चौधरीद्वारा लिखित 'मामालाई सुधार्ने भाञ्जो' कथामा मामा अत्यन्त ठगाहा भएको पाइन्छ। भाञ्जो बढ्दै जाँदा मामासँग भएको ज्ञान भाञ्जाले पनि सिक्दै जान्छ। तर अन्त्यमा मामा नै भाञ्जाबाट ठगिएको कुरा थाहा पाएपछि मामा र भाञ्जाको बीचमा रिस राग बढ्दै जान्छ। दिदीसँग बस्दै आएको ठग कति दिदी भिनाजुसँग बस्ने भन्ने मनसाय लिएर घरबाट निस्कन्छ।

त्यसैक्रममा भाञ्जाको घरमा सुन हग्ने घोडा भएको र त्यो घोडा चढेर मामा घर गएको बेला मामाले घोडा दुब्लो भएको कुरा बताएपछि भाञ्जाले आफ्नो घोडाले चाँदीका टुक्रा दिशा गर्ने कुरा बताउँछ। मामाकै अगाडि घोडाले चाँदीका टुक्रा दिशा गर्छ त्यस कुराले मामा घोडाप्रति लोभिन्छ र घोडा किन्छ तर घोडा भाञ्जा हिँडेपछि चाँदीका टुक्रा दिशा नगर्दा मामाले घोडालाई पिटेर मर्छ। यो सन्देशले ठग माामालाई

भाञ्जाले ठगेर नै सुधारेको छ। प्रयुक्त अव्ययलाई नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोध र निपात गरी पाँच किसिमले अध्ययन गरिएको छ।

यस पाठमा अव्यय पदहरूतर्फ हेर्दा नामयोगी १८, क्रियायोगी ४ संयोजक ४, विस्मयादिबोधक २ र निपात २ गरी जम्मा ३० वटा अव्यय शब्दहरू रहेको पाइयो।

**नामयोगी**

| | | |
|---|---|---|
| भर | मात्रै | सित |
| तिर | बाहिर | बरु |
| भोलिपल्ट | पछि | आज |
| बिहान | व्यापार | यता |
| कता | अब | सम्म |
| पछाडि | भित्र | सँग |

मामालाई सुधार्ने भाञ्जो कथामा नामयोगीहरू १८ वटा रहेका छन्। जसमा भर, मात्रै, सित, तिर, बाहिर, बरु, भोलिपल्ट, पछि, आज शब्दहरू रहेका छन्। त्यसैगरी बिहान, व्यापार, यता, कता, अब, सम्म, पछाडि भित्र र सँग रहेका छन्।

**क्रियायोगी**

| | | |
|---|---|---|
| वरिपरि | भर्खरै | हायलकायल |
| अँध्यारो | | |

मामालाई सुधार्ने भाञ्जो कथामा चारवटा मात्र क्रियायोगी शब्दहरू पाइयो। जसमा वरिपरि, भर्खरे, हायलकायल, अँध्यारो रहेका छन्।

**संयोजक**

| | | |
|---|---|---|
| तर | र | पनि |
| अनि | | |

मामालाई सुधार्ने भाञ्जो कथामा चारवटा मात्र संयोजक भेटियो । जसमा तर, र, पनि, अनि हुन ।

**विस्मयादिबोधक**

ओहो ! क्या !

प्रस्तुत मामलाई सुधार्ने भाञ्जो कथामा दुईवटा मात्र विस्मयादिबोधक शब्दको प्रयोग भएको पाइयो । तिनीहरू ओहो ! र क्या ! हुन् ।

**निपात**

त नै

प्रस्तुत मामलाई सुधार्ने भाञ्जो कथामा दुई मात्र निपात रहेको पाइयो ।

माथि उल्लेख गरिएका मध्ये ३० वटा अव्ययबोधक शब्दहरू पाइयो । जसमा नामयोगी १८ वटा रहेका छन् भने क्रियायोगी ४ वटा रहेका छन् । त्यसैगरी संयोजक ४ वटा रहेको पाइयो भने विस्मयादिबोधक २ वटा र निपात २ वटा रहेको पाइयो ।

**'सात दिने सभा' कथा**

कथाकार जनकप्रसाद हुमागाईंद्वारा लिखित 'सात दिने सभा' कथामा कथाकारले स्कुल जाने आउने बाटामा पाटी भएको र सो पाटीको छानो चुहिन थालेको कुरा उल्लेख गरिएको छ । चुहिने पाटीमा मानिसहरू पानी पर्दा वा थकाइ लाग्दा बस्न नमिल्ने भएका कारण गंगाले आफ्ना दाजु सागरसँग यो पाटीको मर्मत गर्नुपर्ने कुरा व्यक्त गर्दा दाजु सागरले यस कुरालाई खासै चासो नदिएकाले गर्दा आफूभन्दा ठूलो दाजुसँग बढी कुरा गर्न नसकी यस कुरालाई त्यही टुङ्ग्याएको कुरा उल्लेख छ ।

गंगाको घरमा प्रत्येक हप्ताको एक दिन पारिवारिक सभा हुने गरेको र सभामा हप्ताभरि भएका सबै कामको कुराकानीको योजनाबारे छलफल हुने गर्दथ्यो । यस पटकको सभामा गंगाले पनि पाटीको छानो चुहिने भएको कुरा परिवारमाझ व्यक्त गर्ने

कुरा निर्णय गर्छे । सातदिन सभामा प्रत्येक शुक्रबार खाना खाइसकेपछि हुने गरेको कुरा उल्लेख छ । सभामा बुबा सभापति, आमा अतिथि र भाइ जुरेली उद्घोषक बन्थ्यो । यस पटकको सभामा गंगाले आफ्नो प्रस्ताव राखेरै छोडेको कुरा उल्लेख गरिएको छ । सभामा गंगाले सबै सभापतिहरूलाई सम्बोधन गरी आफ्नो विचार प्रस्तुत गरिसकेपछि सागरलाई यस विषयमा एकपटक सोध्नभन्दा दाजु सागरले आफ्नो विचार गलत भएको र अब विचार सच्याउने कुरा मञ्जुर गरी भोलिपल्टदेखि नै पाटी बनाउने काम सुरु गर्ने भनी सभा विसर्जन गरिएको कुरा उल्लेख गरेको पाइन्छ ।

यस पाठमा अव्यय पदहरूतर्फ हेर्दा नामयोगी १३, क्रियायोगी १ संयोजक ३, विस्मयादिबोधक १ र निपात २ गरी जम्मा २० वटा अव्यय शब्दहरू रहेको पाइयो ।

**नामयोगी**

| | | |
|---|---|---|
| पटक | संग | भन्दा |
| जस्तो | बारे | पछि |
| सरह | पहिलो | बमोजिम |
| मात्र | तिर | भोलि |
| अनुसार | | |

